# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ७ | संख्याः १० | मितिः २०८१।०३।०२

# भाग-२

**बनेपा नगरपालिका**

## बनेपा नगर बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०२।२७**
**प्रमाणिकरण मितिः २०८१।०३।०२**

# बनेपा नगर बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०२।२७**

**प्रस्थावनाः**

स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको सम्मान, संरक्षण, परिपूर्ति, पालना र संवर्द्धनका लागि नेपालको संविधान तथा कानूनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न तथा बालबालिकाको बचावट, संरक्षण, विकास तथा सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितताका साथै बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न स्थानीय तहमा बाल अधिकार संरक्षण तथा संवर्द्धन गर्न छुट्टै कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बनेपा नगरपालिका, नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम "बनेपा नगर बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि बनेपा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "नगर प्रमुख" भन्नाले बनेपा नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ख) "नगर उप-प्रमुख" भन्नाले बनेपा नगरपालिकाको उप-प्रमुख सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ ।

(घ) "कार्यविधि" भन्नाले बनेपा नगर बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि, २०८० सम्झनु पर्छ।

(ङ) "वडा अध्यक्ष" भन्नाले बनेपा नगरपालिका अन्तर्गतको वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति भन्ने सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिम स्थानीय तहको प्रशासकीय प्रमुखको रूपमा कार्यरत अधिकृत कर्मचारी भन्ने सम्झनु पर्छ ।

(छ) "प्रदेश मन्त्रालय" भन्नाले बागमती प्रदेश सामाजिक विकास मन्त्रालय भन्ने सम्झनु पर्छ।

(ज) "परिषद" भन्नाले ऐनको दफा ५९ बमोजिम गठित राष्ट्रिय बाल अधिकार परिषद् भन्ने सम्झनु पर्छ।

(झ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिमको अधिकारी सम्झनु पर्छ ।

(ञ) "बालगृह" भन्नाले ऐनको दफा ५२ बमोजिम स्थापना भएको बालगृह सम्झनु पर्छ ।

(ट) "बालक्लब वा बाल संस्था" भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि १८ वर्षसम्मका बालबालिकाले ऐनको दफा १० को आधारमा नियमावलीमा व्यवस्था भए अनुसार वा यस कार्यविधि बमोजिम स्थानीय तहमा दर्ता गरेको बालक्लब वा बाल संस्था सम्झनु पर्छ ।

(ठ) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनर्स्थापना, क्षतिपूर्ति प्रदान तथा छात्रवृत्तिका लागि कार्यविधिको दफा २८ बमोजिम स्थानीय तहमा स्थापना गरिएको बाल कोष भन्ने सम्झनु पर्छ ।

(ड) "बालबालिका" भन्नाले १८ बर्ष उमेर ननाघेका व्यक्ति भन्ने सम्झनु पर्छ।

(ढ) "बाल सञ्जाल" भन्नाले बालक्लब वा संस्थाको सञ्जाल सम्झनु पर्छ।

(ण) "मन्त्रालय" भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय भन्ने सम्झनु पर्छ ।

(त) "विशेष संरक्षणका आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका भन्ने सम्झनु पर्छ ।

(थ) "समाजसेवी वा मनोविज्ञ" भन्नाले ऐनको दफा ६२ बमोजिम स्थानीय तहमा नियुक्त समाजसेवी, बाल मनोविज्ञ एवम् सामाजिक कार्य तथा मनोविज्ञान सम्बन्धमा तालिम प्राप्त गरी स्थानीय तहमा बालबालिकालाई सेवा दिने उद्देश्यले सूचीकृत व्यक्ति एवम् सो सम्बन्धमा विशेषज्ञता प्राप्त सूचीकृत संस्थालाई समेत सम्झनु पर्छ ।

(द) "बाल अधिकार समिति" भन्नाले ऐनको दफा ६० बमोजिम स्थानीय तहमा गठित बाल अधिकार समिति सम्झनु पर्छ।

(ध) "संस्था" भन्नाले बाल अधिकार संरक्षण र सम्बर्द्धनका लागि प्रचलित कानून बमोजिम दर्ता भई कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्था, सङ्गठन तथा सामुदायिक संस्थाहरूलाई सम्झनु पर्छ ।

(न) "सेवा प्रदायक निकाय" भन्नाले स्थानीय तहमा सेवा प्रवाह गरिरहेको सरकारी कार्यालय, स्वास्थ्य चौकी, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी तथा यस्ता अन्य निकायहरूलाई सम्झनु पर्छ ।

(प) "स्थानीय तह" भन्नाले बनेपा नगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## उद्देश्य तथा सिद्धान्त

२. **उद्देश्यः**

यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्ः

(क) नेपालको संविधानमा उल्लेखित बालबालिकाको अधिकार तथा बालबालिका सम्बन्धी संघीय ऐन, प्रदेश ऐन एवम् स्थानीय तहमा भएका कानूनी र नीतिगत व्यवस्थाहरूलाई बाल अधिकारको संरक्षण र प्रवर्धनको क्रममा स्थानीय तहलाई सहजीकरण गर्ने ।

(ख) स्थानीय तहमा बालमैत्री शासन, बालमैत्री संरचना, बालमैत्री प्रक्रियाको अवलम्वन तथा प्रवर्धन गर्ने ।

(ग) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, बेवास्ताको अन्त्यका लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने ।

## परिच्छेद ३
## बाल अधिकारको संरक्षण, प्रचलन तथा संवर्द्धन गर्ने र दायित्व निर्वाहको व्यवस्था

३. **बाल अधिकारको संरक्षण गर्नुपर्नेः**

स्थानीय तहले आफ्नो क्षेत्रभित्रका बालबालिकाका अधिकारहरूको संरक्षण, प्रचलन तथा संवर्द्धनका लागि ऐनको दफा ६४ र ६५ बालबालिका प्रतिको दायित्व निर्वाह गर्न दफा १७, १८ र १९ एवम् बालबालिकाको कर्तव्य परिपालनाका लागि दफा ७७ बमोजिम गर्न गराउन सक्नेछ ।

४. **बाल अधिकारको संरक्षण र संवर्द्धनमा आवश्यक सेवाप्रवाहको व्यवस्था गर्नुपर्नेः**

(क) आफ्नो स्थानीय तहभित्रका सबै किसिमका बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकार सुनिश्चितताका लागि सरल र उपयुक्त उपायहरु अपनाइने छ ।

(ख) गभर्वती, सुत्केरी, नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरू, स्वास्थ्य सेवा, पोषणसँग

सम्बन्धित सबै किसिमका सेवासुविधा र आवश्यक भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरु उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको पटके वा आवधिक अनुगमन गर्ने गराउने कार्यहरु गरी कानून र नीति बमोजिम बालबालिकाको स्वास्थ्य पाउने अधिकार सुनिश्चित गर्ने व्यवस्था गर्नेछ ।

(ग) स्थानीय तहभित्र सञ्चालनमा रहेका निजी स्वास्थ्य संस्थाहरूलाई बालबालिकाको स्वास्थ्य उपचारमा सहुलियतको व्यवस्थाका लागि पहल गर्नेछ ।

(घ) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार सहित), कुनै पनि किसिमका बालबालिका विरूद्ध विभेद, अवहेलना, हेपाइ, हिंसा, दुर्व्यवहारजस्ता कार्यहरु निषेध, पत्रूखाना निषेध, शैक्षिक गतिविधि बाहेकका क्रियाकलाप गर्न निषेध लगायत लैङ्गिकमैत्री शौचालय, पर्याप्त खानेपानी र सरसफाई, महिनावारी प्याड तथा प्रारम्भिक उपचार बाकस, नियमित र बालमैत्री पठनपाठन, खेल मैदान र सबै किसिमका विद्यार्थीहरूमैत्री खेलकुद र सामानको व्यवस्था गर्ने गराउनेछ ।

(ङ) स्थानीय तहभित्रका सबै किसिमका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गर्ने, गराइनेछ ।

(च) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने विविध किसिमका छात्रवृत्तीहरूको यथोचित वितरण र सोको अनुगमन गरिनेछ ।

(छ) स्थानीय तहमा र सम्भव भएसम्म प्रत्येक वडामा एक बाल पुस्तकालय, बाल सृजना केन्द्र र खेलकुद स्थान वा मैदानको व्यवस्था गरिनेछ ।

(ज) कुनैपनि विद्यालयबाट २०० मिटरको दुरीभित्र मदिरा, चुरोट तथा सूर्तिजन्य लगायतका सामग्री बिक्री वितरण र उपभोग गर्न तथा चलचित्र, मादक पदार्थ, चुरोट, रक्सी तथा अश्लील साहित्यसँग सम्बन्धित सामग्री प्रचारप्रसार गर्न लगायत १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई उक्त सामग्रीको विक्री वितरण तथा प्रयोग गर्न निषेध गर्नेछ।

(झ) प्रत्येक विद्यालयमा विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका

लागि आचारसंहिता बनाई सहज देखिने गरी राख्ने र सोबमोजिम लागू गरिनेछ ।

(ञ) बालबालिकाविरूद्ध हुने कुनै पनि किसिमका शोषण, हिंसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालविवाह, बालश्रमका घटनाहरु रोकथाम र अन्त्य गर्न, बाबुआमाविहीन र जोखिम अवस्थामा परेका (आधारभूत अधिकारबाट वञ्चित, एचआइभी एड्सबाट संक्रमित र प्रभावित आदि) बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कार्वाहीको लागि संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्ने अनिवार्य व्यवस्थाको लागि पालिकाले सहजीकरण गर्नेछ ।

(ट) स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूलाई अनिवार्य रूपमा बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ।

(ठ) स्थानीय तहको आवधिक तथा वार्षिक योजना तर्जुमा प्रकृयामा बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासँग सम्बन्धित कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरिनेछ।

(ड) जोखिममा रहेका बालबालिकाको तत्काल उद्दार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाईन नं. १०९८ तथा हराएका, बेवारिस फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापनका लागि बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ सँग समन्वय तथा सहकार्य गरिनेछ ।

(ढ) बालबालिकालाई लिङ्ग, जातजाति, रङ्ग, पारिवारिक हैसियत तथा शारीरिक र यौनिक अवस्थाका आधारमा हुने भेदभावको अन्त्य गरिनेछ ।

(ण) आफ्नो पालिका भित्रका सबै किसिमका बालबालिकाको जनसांख्यिक, जातजाति, लैङ्गिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ती, सामाजिक सुरक्षा सहयोग, बाबुआमाविहीन, जोखिम अवस्थामा परेका, स्वास्थ र पोषण, एचआइभी प्रभावित लगायतको स्थितिबारे खण्डीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरिनेछ ।

(त) बालमैत्री स्थानीय शासन राष्ट्रिय रणानीति २०६८ र बालमैत्री शासन कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम बालमैत्री स्थानीय

तह घोषणा गर्न प्रयास गरिनेछ ।

**५. बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्नेः**

स्थानीय तहका प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी, सामाजिक संघ संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

**६. बालमैत्री संरचना तथा अभ्यासको सुनिश्चितताः**

बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने स्थानीय तह भित्रका सबै सार्वजनिक निकाय, सामाजिक संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी स्थानीय तहले आवश्यक व्यवस्था मिलाउनु र आवधिक अनुगमन गर्नु पर्नेछ।

**७. बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्धः**

(१) पालिकाले आफ्नो भौगोलिक क्षेत्रमा फेला परेका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (घ), (ङ), (च) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको आवश्यकता भएमा उक्त बालबालिकालाई संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ (२) को खण्ड (क), (ख) र (ग) बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था तथा प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ । तर, यस बमोजिम वैकल्पिक हेरचाहको व्यवस्था हुन नसकेमा खण्ड (घ) को प्रयोजनका लागि ऐनको दफा ५२ बमोजिम स्थानीय तहले बालगृह स्थापना तथा सञ्चालन गर्न सक्नेछ । तर, यस्तो व्यवस्था समेत हुन नसक्ने अवस्था भएमा हाल आफ्नो पालिकाभित्र वा नजिकको पालिका वा प्रदेशमा सञ्चालनमा रहेका बालगृहमा अल्पकालीन संरक्षणका लागि सिफारिस गर्न सक्नेछ ।

(२) हाल सञ्चालनमा रहेका र ऐनको दफा ५२ बमोजिम सञ्चालन गरिने बालगृहको अनुगमन पालिकाले गर्नु पर्दछ । बालगृहले पालना गर्नुपर्ने न्यूनतम मापदण्ड अनुसूची १ मा दिइएको छ ।

## परिच्छेद ४

## बाल सहभागिता तथा बालक्लब सञ्चालन

**८. बाल सहभागिताको अभ्यासः**

(१) स्थानीय तहले आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई आफूलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय, सार्वजनिक निकाय वा संस्था लगायतबाट अफ्ना कार्यहरु सम्पादनको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्धन गर्ने व्यवस्था गर्नेछ । यसैगरी, पालिकाको आवधिक र वार्षिक योजना तर्जुमा, बालबालिकासँग सम्बन्धित कार्यक्रमहरुमा र बालबालिका संलग्न हुने विद्यालय लगायत सार्वीजक निर्माण कार्यहरुमा सबै किसिमका बालबालिकाको (बालक, बालिका, सबै किसिमका अपाङ्गता, यौनिक अल्पसंख्यक आदि) सहभागितालाई प्रवर्धन गर्नेछ ।

(२) बाल सहभागिता प्रवर्धनका लागि पालिकाले देहायका उपायहरु समेत अवलम्वन गर्नेछः

(क) बालबालिकासँग सम्बन्धित सरोकारका विषयमा कानूनले निषेध गरेको बाहेक उनीहरुले माग गरेको सूचना निःशुल्क प्रदान गरिनेछ।

(ख) स्थानीय तह भित्र विद्यालयहरुबीच तथा वडाहरुबीच अतिरिक्त क्रियाकलापहरु (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, चित्रकला, आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुनेगरी पालिका स्तरमा प्रतिस्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(ग) बालक्लब, बाल संस्था तथा बालक्लब सञ्जाल दर्ता वा नवीकरणको लागि रीतपूर्वक परेका निवेदनका आधारमा दर्ता गरी दर्ताको प्रमाणपत्र निःशुल्क उपलब्ध गराउनेछ ।

(घ) आवधिक रुपमा अद्यावधिक गरिएको बालक्लब सम्बन्धी तथ्याङ्क तथा सूचना जानकारी स्थानीय बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषदमा पठाउनेछ ।

(३) स्थानीय तहले बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजनिक निकायले देहायका कार्यहरु गर्नमा रोक लगाउनेछः

(क) बालबालिकाको अध्ययनमा नियमित रुपमा बाधा तथा अवरोध पुग्ने गरी

कार्यक्रम सञ्चालन गर्ने वा सहभागी गराइनेछैन ।

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुर्याउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउने कार्यमा रोक लगाउनेछ ।

(ग) बालबालिकालाई आमाबाबु, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित न्याली, जुलुस, सभा आदिमा सहभागी गराउने कार्यलाई निरूत्साहित गरिनेछ ।

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानून वा विधान बमोजिम आफूले गर्नुपर्ने काम बालबालिका वा बालक्लब वा संस्था वा तिनको सञ्जाल मार्फत गराउने कार्यलाई निरूत्साहित गरिनेछ।

(ङ) परम्परागत हानिकारक अभ्यास गर्न वा सो अभ्यासमा सहभागी गराउने कार्यलाई निषेध गरिनेछ।

**८. बालक्लव वा संस्था दर्ता तथा नवीकरणः**

(१) ऐनको दफा १० को उपदफा (१) अनुसार प्रत्येक बालबालिकालाई आफ्नो हक, हित र अधिकारको संरक्षण तथा प्रवर्धनका लागि बालक्लब वा संस्था खोल्ने अधिकार सुनिश्चित गरिएको छ । उपदफा (२) मा बालक्लब वा संस्था खोल्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ । यस सन्दर्भमा बालबालिकाले बाल अधिकार संरक्षण र प्रवर्द्धनका लागि बालक्लब वा संस्था दर्ता गर्न चाहेमा पालिकामा देहायका विवरण सहित अनुसूची २ बमोजिम निवेदन दिनु पर्नेछ ।

(क) बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,

(ख) बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,

(ग) बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि ।

(२) उपदफा (१) बमोजिम निवेदन आएमा स्थानीय तह ले बालक्लब वा संस्था दर्ता गरी अनुसूची ३ बमोजिमको प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएको बालक्लब वा संस्थाले प्रत्येक वर्ष स्थानीय तहमा देहायको विवरण खुलाई नवीकरणको लागि निवेदन दिनु पर्नेछ ।

(क) वर्षभरी आफूले गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

(ख) सदस्यहरु तथा कार्य समितिमा रहेका पदहरूको विवरण ।

(४) उपदफा (३) बमोजिम निवेदन आएमा स्थानीय तह ले बालक्लब वा संस्थाको नवीकरण गरिदिनेछ ।

(५) बालक्लब वा संस्था दर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

(६) प्रत्येक बाल क्लव तथा संस्थाले प्रत्येक वर्ष सम्पादन गरेका कार्यहरूको संक्षिप्त जानकारी प्रत्येक वर्षको फागुन महिनाको मसान्तसम्म स्थानीय तह तथा नगर बाल अधिकार समितिमा पठाउनु पर्नेछ ।

(७) नगर बाल अधिकार समितिले बाल क्लव एवम् संस्थाको वार्षिक जानकारीको संक्षिप्त विवरण प्रत्येक वर्षको वैशाख महिनाको मसान्तसम्म प्रदेश बाल अधिकार समितिमा पठाउनु पर्नेछ।

(८) बालक्लब वा संस्थाले तीन वर्षसम्म स्थानीय तहमा नवीकरण नगरेमा उक्त बालक्लब वा संस्था स्वतः खारेज हुनेछ ।

**१०. बालक्लब सञ्जाल दर्ता तथा नवीकरणः**

(१) स्थानीय तहमा दर्ता भएका बालक्लब वा संस्थाहरूले नगर स्तरीय बाल सञ्जाल दर्ता गर्न चाहेमा देहायका विवरण सहित पालिकामा निवेदन दिनु पर्दछः

(क) बालक्लब वा संस्थाहरूको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) बालक्लब वा संस्थाहरूले सञ्जालको रूपमा दर्ता गर्ने सामूहिक निर्णयको प्रतिलिपि,

(ग) बालक्लब वा संस्थाहरूको सञ्जालको उद्देश्य र मुख्य क्रियाकलापहरु,

(घ) बालक्लब वा संस्थाको सञ्जालमा प्रत्येक बालक्लब वा संस्थाबाट समानुपातिक प्रतिनिधित्वको विधि,

(ङ) सञ्जालको सदस्य तथा कार्य समितिमा रहने पदाधिकारीको विवरण ।

(२) स्थानीय तहमा दर्ता भएका बालक्लब वा संस्थाहरूले उपदफा (१) बमोजिम बाल सञ्जाल स्थापना गर्न निवेदन दिएमा पालिकाले सञ्जालको दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) स्थानीय तहमा दर्ता भएका बाल सञ्जालले आफूले गरेको कामको संक्षिप्त विवरण र सदस्यहरूको विवरण समेत खुलाई प्रत्येक दुई वर्षमा पालिकामा नवीकरणको लागि निवेदन दिनुपर्दछ ।

(४) उपदफा (३) बमोजिमको निवेदन आएमा स्थानीय तहले बाल सञ्जालको नवीकरण गरिदिनेछ ।

(५) स्थानीय तहले बाल सञ्जाललाई व्यवस्थित गर्न नगर बाल अधिकार समितिको सिफारिसमा वडा वा स्थानीय तह स्तरमा बाल सञ्जाल निर्माण गरी व्यवस्थापन गर्न सक्नेछ ।

(६) बाल सञ्जाल दर्ता र नवीकरण गरे बापत कुनै शुल्क लिइने छैन ।

(७) बाल सञ्जालले ५ वर्षसम्म उक्त सञ्जालको नवीकरण नगरेमा स्वतः खारेज हुनेछ ।

**११. बालक्लबको काम, कर्तव्य र अधिकारः**

(१) बालक्लबको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) क्लबमा आवद्ध सदस्य सहित अठार वर्षमुनिका सबै बालबालिकाहरूको क्षमता विकास अभिवृद्धि हुने खालका हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि आदि सञ्चालन गर्ने,

(ख) बालबालिका, उनीहरूका अभिभावक, र परिवारका अन्य सदस्यहरूलाई बाल अधिकारको बारेमा सचेत गराउने,

(ग) सिकाई प्रक्रियामा बाल सहभागिता अभिवृद्धि गर्दै बालबालिकामा अन्तरनिहीत प्रतिभाको प्रस्फुटन गर्ने गराउने ।

(घ) बालबालिकालाई जीवनपयोगी सीपको बारेमा जानकार गराउने,

(ङ) बालक्लबलाई बालबालिकामा रचनात्मकता र नवीन कौशल विकास गर्ने एक साझा स्थलको रूपमा स्थापित गराउने,

(च) बालबालिकाको कक्षा कोठाको सिकाइलाई वास्तविक जीवनमा रूपान्तरण गर्न सक्ने साधनको रूपमा बालक्लबलाई परिचित गराउने,

(छ) स्वास्थ्य, सरसफाई र वातावरणका क्षेत्रमा सामुदायिक सचेतनाका गतिविधिहरु सञ्चालन गर्ने,

(ज) बालबालिकाको कल्याण र अधिकार सुनिश्चित गर्न स्थानीय तहमा विभिन्न कार्यक्रमहरु आयोजना गर्ने,

(झ) कला, साहित्य, सामाजिक सद्भाव, मातृभाषा, मातृ संस्कृति र शिक्षाको संरक्षणका लागि आवाज उठाउन र सामाजिक कुरीति तथा बाल अधिकार उल्लंघनको घटनाहरुको विरुद्ध रचनात्मक आवाज उठाउने,

(ञ) विद्यालय भर्ना हुने उमेर समुहका बालबालिकाहरू विद्यालय भर्नाबाट वञ्चित रहे नरहेको बारेमा निरन्तर अनुगमन गर्ने र विद्यालय नगएका बालबालिकालाई विद्यालय भर्ना गर्नका लागि सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्ने व्यवस्था मिलाउने,

(ट) स्थानीय तह तथा आफ्नो वडाभित्रका टोल विकास संस्थाहरूले सञ्चालन गर्ने जनचेतनामूलक कार्यमा सकृय सहभागिता जनाउने,

(ठ) बालमैत्री शासन प्रवर्धनका लागि निर्धारित सूचकहरू कार्यान्वयनमा सदैव अग्रसर रही बालमैत्री वडा वा पालिका अभियानमा पालिका तथा वडालाई निरन्तर सहयोग गर्ने,

(ड) पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता, पूर्ण सरसफाई आदि अभियानमा पालिका, वडा तथा टोल विकास संस्थाहरूलाई सहयोग गर्ने,

(२) उपदफा (१) मा जे सुकै लेखेको भए तापनि बालक्लब, बाल संस्था तथा बाल सञ्जालले देहाय बमोजिमका कार्यहरु गर्न गराउन निषेध गरिएको छ ।

(क) कुनै राजनीतिक दल वा त्यसको भातृ संगठनका पक्षपोषण वा विरोध गर्न,

(ख) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरूपयोग तथा कसैको जिउ ज्यानमाथि क्षति पुऱ्याउन,

(ग) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेशाकर्मी प्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्न,

(घ) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता

भंग हुने र पहिचान खुल्ने गतिविधिहरु गर्न,

(ङ) सांस्कृतिक कारण बाहेक रातको समयमा र आफ्नो विद्यालय, बालगृह वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरूमा सहभागी हुन,

तर प्रतिस्पर्धा, आवासीय तालिम वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय, बालगृह वा विद्यालय भन्दा बाहिर गएर कार्यक्रम गर्न सकिने छ ।

(च) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्व अनुमति बेगर जिउ ज्यानमा खतरा पुग्ने साहसिक खेलहरु खेल्न खेलाउन,

(छ) बाल समूह कोष निर्माण वा आय आर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्न,

(ज) सिंगो परियाजेना सञ्चालन गर्न वा ठुला र लामो समयका गतिविधिहरु सञ्चालन गर्न,

(झ) आर्थिक जिम्मेवारी लिई कार्यहरु गर्न,

(ञ) सामाजिक रूपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरू गर्न गराउन,

(ट) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा वा अन्य उपयुक्त कारण दर्शाई नगर बाल अधिकार समितिको परामर्शमा सुरक्षा निकाय वा पालिका वा विद्यालयले रोक लगाएका कार्यहरू गर्न गराउन।

**१२. बाल सञ्जालको काम, कर्तव्य र अधिकारः**

(१) बालक्लब सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो क्षेत्रभित्रका बालक्लबहरूको अभिलेख राख्ने तथा बालबालिकाका लागि उपयोगी हुने पुस्तकालय वा सूचना केन्द्र स्थापना र सञ्चालन गर्ने ।

(ख) आबद्ध बालक्लबहरूको गतिविधि सञ्चालन गर्न सञ्जाललाई वडा, पालिका तथा अन्य सहयोगी संस्थाहरूबाट प्राप्त आर्थिक सहयोग उपलब्ध गराउने ।

(ग) बालक्लबहरूले सञ्चालन गरेका कार्यक्रमहरूमा अतिथिको रूपमा उपस्थित भई बालक्लबका अन्य साथीहरूलाई हौसला प्रदान गर्ने ।

तर, यस्ता किसिमका गतिविधिहरु सञ्चालन गर्दा आफ्ना तथा अन्य साथीहरूको पढाइलाई असर नपर्ने गरी विदा तथा फुर्सदको दिनमा कार्यक्रम गर्न उत्प्रेरित गर्ने ।

(घ) बाल अधिकारसँग सम्बन्धित विशेष अभियान तथा कार्यहरु बालक्लबहरु मार्फत् प्रभावकारी रूपले सम्पन्न गर्न विभिन्न उपसमितिहरूको गठन गरी सञ्जालका पदाधिकारीहरूका बीचमा कार्यीवभाजन गरी काम गर्न सकारात्मक वातावरण बनाउने ।

(ङ) स्थानीय तहले स्थानीय स्तरमा बालबालिकाको अधिकारसँग सम्बन्धित योजना तर्जुमा कार्यान्वयन र मूल्याङ्कनका सम्पूर्ण चरणहरूमा सञ्जालबाट प्रतिनिधित्वको माग गर्नुका साथै अन्य बालक्लबहरूको तर्फबाट आएको योजना तथा सुझावहरु समेतलाई ख्याल गर्दै सञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(च) स्थानीय स्तरमा बालबालिकामाथि हुने सबै किसिमका दुर्व्यवहार, हिंसा, हेला, हेपाई, सामाजिक कुरीति र विभेद जस्ता बालअधिकार हननका घटनाविरूद्ध बालक्लबको तर्फबाट आवश्यक पहल र पैरबी गर्ने साथै यस्ता किसिमका घटनाका विरूद्ध सम्बन्धित सरोकारवाला पक्षहरूको ध्यान आकृष्ट गराउने, सहकार्य र समन्वय गर्ने ।

(छ) बालक्लबहरूले आयोजना गर्ने कार्यक्रमका लागि आवश्यक स्रोतहरूको खोजी गरी सञ्जालले सहयोग माग गर्ने तथा कार्यक्रम सम्पन्न गर्न अन्य निकायहरूसँग समन्वय गर्ने।

(ज) आफ्नो कार्यक्षेत्रमा सञ्चालन भएका विद्यालय भर्ना, जन्मदर्ता, बालविवाह, बालमैत्री वातावरण, खुला दिसामुक्त क्षेत्र, बालमैत्री स्थानीय शासन, विद्यालयमा भयरहित शिक्षण सिकाइको सम्बन्धमा बालबालिका सँगसँगै गर्ने अभियानहरूमा बालसञ्जालको तर्फबाट सक्रिय सहभागिता जनाउने ।

(झ) बालक्लब तथा बाल अधिकारको क्षेत्रमा कार्यरत अन्य संघसंस्था तथा सरोकारवालाहरु बिच आपसी समझदारी र समन्वयको वातावरण तयार गर्ने ।

(ञ) आफ्नो क्षेत्रभित्र रहेका बालक्लबहरूले सम्पन्न गरेका क्रियाकलापहरूको संक्षिप्त प्रतिवेदन माग गर्ने तथा सो को अभिलेख

राख्ने तथा पालिका र नगर बाल अधिकार समितिमा पेश गर्ने ।

(ट) बालक्लबहरु बिच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सजृना गर्ने ।

**१३. बालबालिकाको संस्था वा सञ्जालको कर्तव्य तथा दायित्वः**

१) बालक्लब, बाल संस्था वा बाल सञ्जालका सबै उमेर, लिङ्ग, जातजाति, अपाङ्गता लगायत स्थानीय समाजको विविधतालाई प्रतिविम्ब गर्ने गरी समावेशी हुनुपर्नेछ ।

तर, यस व्यवस्थाले बालिकाहरू मात्र सदस्य रहन सक्ने गरी विशिष्टीकृत बालक्लब वा संस्था सञ्चालन गर्न रोक लगाएको मानिनेछैन ।

२) बालक्लब, संस्था वा सञ्जालको सदस्यता विधानमा तोकिएको प्रक्रिया बमोजिम योग्य बालबालिका वा निजको संस्थाले सदस्यता लिन पाउने गरी खुल्ला गर्नुपर्नेछ ।

३) बालक्लब, संस्था वा सञ्जालको नेतृत्व वा यसका क्रियाकलापहरूमा बढी भन्दा बढी बालबालिकालाई अवसर पाउने गरी सञ्चालन गर्नुपर्नेछ ।

४) बालक्लब, संस्था वा सञ्जालका पदाधिकारीहरूले दुई कार्यकाल भन्दा बढी पदमा निरन्तर नबसी क्रमशः अर्का बालबालिकालाई नेतृत्वको अवसर प्रदान गर्नुपर्दछ ।

५) बालक्लब, संस्था वा सञ्जालको सदस्यता लिन वा सञ्जालमा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न हुँदैन ।

६) बालक्लब, संस्था वा सञ्जालले आफ्ना क्लब, संस्था वा सञ्जालका सदस्यहरूको हित हुने र दीर्घकालसम्म फाइदा पुग्ने कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७) बालक्लब, संस्था वा सञ्जालले दलिय राजनैतिक कार्यक्रममा सहभागी हुने वा त्यसको समर्थन र विरोध गर्ने कार्यक्रम सञ्चालन गर्नुहुदैन। तर, राजनैतिक विचारधारा र दृष्टिकोणका विषयमा वहस र छलफल सञ्चालन गर्न यस नियमले बाधा पुर्याएको मानिनेछैन ।

**१४. बालक्लब तथा बाल सञ्जालको स्थानीय स्तरको भेला:**

(१) सार्वजनिक निकाय वा संस्थाले बालबालिकाको सुरक्षा र संरक्षणको सुनिश्चितता गरी बालक्लब वा संस्था र बाल सञ्जालको वडा, पालिकास्तरको भेला आयोजना गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको भेलाका आयोजकले सहभागी हुने प्रत्येक बालबालिका, बालबालिकाको आमाबाबु, संरक्षक वा माथवरसँग अनुमति लिई लिखित मञ्जुरीनामामा हस्ताक्षर गराउनुपर्दछ ।

(३) उपदफा (१) बमोजिमको भेला आयोजना गर्दा बालबालिकाले राती बास बस्ने गरी जानुपर्ने भएमा बालबालिकालाई परिवार वा संरक्षकको जिम्मा लगाई पठाउनु पर्नेछ । तर बालिकाको हकमा महिलाको साथ लगाइ पठाउनुपर्नेछ ।

**१५. बालक्लब वा संस्था र बाल सञ्जालको आर्थिक दायित्व:**

(१) बालक्लब वा संस्था र बाल सञ्जालले कुनै पनि किसिमको आर्थिक कारोबार गर्नु हुँदैन र अन्य कुनै व्यक्ति वा संस्थाले बालक्लब वा संस्था र बाल सञ्जाललाइ आर्थिक दायित्व दिन हुँदैन ।

(२) बालक्लब वा संस्था र बाल सञ्जालसँग सहकार्य गर्दा सहकार्य गर्ने सँस्थाले आर्थिक दायित्व व्यहोर्ने गरी सञ्चालन गर्नुपर्नेछ ।

(३) बालक्लब वा संस्था र बाल सञ्जालले आफ्नो संस्थाको आर्थिक दायित्व सञ्चालन गर्न कुनै व्यक्ति वा संस्था लाई जिम्मेवारी दिन सक्नेछन् ।

(४) यसरी जिम्मेवारी पाएको संस्थाले प्रचलित कानून बमोजिम सामाजिक संस्थाले राख्ने लेखा प्रणाली बमोजिम संस्थाको लेखा राख्नुपर्नेछ ।

**१६. बालक्लब वा संस्था र बाल सञ्जाललाई व्यवस्थित गर्नुपर्ने:**

(१) स्थानीय तहले आफ्नो नगरपालिकामा दर्ता भएका बालक्लब, संस्था वा बाल सञ्जालको विवरण अद्यावधिक गरी राख्नुपर्नेछ ।

(२) स्थानीय बाल अधिकार समितिले बालक्लब वा संस्था र बाल सञ्जालका उपलब्धीहरूको प्रकाशन र प्रसारण गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

## परिच्छेद ५

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१७. नगर बाल अधिकार समितिको गठनः**

(१) स्थानीय तह मा देहाय बमोजिमको अध्यक्ष र सदस्य रहने स्थानीय बाल अधिकार समिति गठन हुनेछः

(क) उपप्रमुख बनेपा, नगरपालिका संयोजक

(ख) प्रमुख, प्रशासकीय अधिकृत, बनेपा नगरपालिका सदस्य

(ग) प्रमुख, इलाका प्रहरी कार्यालय, बनेपा सदस्य

(घ) प्रमुख, कानुन शाखा सदस्य

(ङ) बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको तर्फबाट समितिले मनोनित गरेको एक जना प्रतिनिधी- सदस्य

(च) स्थानीय स्तरमा उपलब्ध बाल चिकित्सक वा बाल मनोवैज्ञानिक मध्ये समितिले मनोनित गरेको एक जना - सदस्य

(छ) नगर क्षेत्रभित्रका विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये समितिले मनोनित गरेको एकजना शिक्षक -सदस्य

(ज) बाल नगर सञ्जालको प्रमुख वा प्रतिनिधि - सदस्य

(झ) प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, बनेपा नगरपालिका - सदस्य सचिव

(ञ) समितिले आवश्यक भएमा बालबालिकाको क्षेत्रमा कार्यानुभव भएका व्यक्तिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) उपदफा (१) को खण्ड (ख), (च) र (छ) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

**१८. स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः**

(१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा वजेट स्वीकृत गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको

लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने,

(ग) स्थानीय तहद्वारा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) स्थानीय तहभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबालिकाको उद्धार, पुनःस्थापना, संरक्षण र व्यवस्थापनमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ङ) आफ्नो स्थानीय तह भित्रका वडा, विद्यालय, संरचनालाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासनको अवलम्वनका साथै बालमैत्री वडा तथा स्थानीय तह घोषणा र दिगोपनाको को नेतृत्व लिने,

(छ) बाल अधिकार संरक्षण तथा प्रवर्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) स्थानीय तहमा एक आर्थिक वर्षमा बालबालिका सम्बन्धी भए गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी स्थानीय वार्षिक प्रतिवेदन स्थानीय कार्यपालिकाको स्वीकृति लिई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र सार्वजनिक गर्ने, वेवसाइटमा राख्ने, समिति तथा स्थानीय तहमा सुरक्षित राख्ने र सोको एक/एक प्रति प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) समितिको सचिवालय, जनशक्ति र आर्थिक स्रोत साधनको व्यवस्था मिलाउने, परिचालन गर्ने, तालिम दिन तथा क्षमता अभिवृद्धि गर्न समन्वय र सहयोग गर्ने,

(ट) स्थानीय तह मार्फत नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई

बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार एवम् अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त सहायताबाट आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने,

(ठ) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वीकृत योजना, वार्षिक नीति तथा कार्यक्रम अनुकूल प्राथमिकता निर्धारण गरी बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि विशेष राष्ट्रिय अभियान सञ्चालनमा सहयोग गर्ने,

(ड) स्थानीय तहमा बालबालिका खोज तलास नं. १०४ तथा बाल हेल्पलाइन नं. १०९८ (दश, नौ, आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

(ढ) धर्मपुत्र धर्मपुत्री लिन दिन चाहने दम्पत्ति तथा व्यक्तिलाई समितिमा सूचिकृत गरी आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यवस्थालाई सहजीकरण गर्ने,

(ण) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिन दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र अदालतलाई सहयोग गर्ने,

(त) ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बाल गृह, बाल सुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्र बन्द तथा कारबाही गर्न सुझाव तथा प्रतिवेदन सहित मन्त्रालयमा सिफारिस गर्ने,

(थ) स्थानीय तह भित्र हुन सक्ने बाढी, पहिरो, हुरी बतास, शीत लहर र आगो जस्तो प्राकृतिक प्रकोप, मानवबाट सिर्जित संकट तथा कोरोना र इन्फ्लूञ्जा जस्तो महामारीबाट बालबालिकाको तत्काल आकस्मिक उद्धार, संरक्षण तथा व्यवस्थापनमा सहयोग गर्ने,

(द) स्थानीय तह भित्र सञ्चालित बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्दा प्राप्त विवरण सहित देहायका कुराहरूको समेत जाँचबुझ गरी सोको एकरएक प्रति वार्षिक

प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रदेश समिति, प्रदेश मन्त्रालय, परिषद् र मन्त्रालयमा पठाउने,

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन,

(२) बालबालिकालाई नियमित रूपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

(३) बालक्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बाल सहभागिता जस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

(४) बालबालिकालाई ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

(५) बाल गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा छैन,

(६) बाल गृहमा आश्रित बालबालिका वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बाल कल्याण अधिकारबाट व्यवस्था मिलाइ राखिएको छ वा छैन,

(७) व्यवस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्डको पालन गर्नु पर्ने कुराहरू पालन गरेको छ वा छैन,

(८) उपलब्ध स्रोत साधनलाई मध्य नजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(९) बाल संरक्षण मापदण्ड निमार्ण गरी लागू गरिएको छ वा छैन ।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१९. स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्थाः**

बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति,

समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सत्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ । मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२०. उपसमिति वा कार्यटोली गठन गर्न सक्ने:**

(१) समितिले आफूले गर्नु पर्ने कुनै काम सुचारू रूपले सञ्चालन गर्नको निमित्त बाल विशेषज्ञ वा विज्ञ, बाल मनोविज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बालक्लब का प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरू मध्ये आवश्यकतानुसार समावेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्य टोलीको काम,

कर्तव्य र अधिकार, कार्य प्रकृति अनुसार काममा खटिए वा काम गरे वापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि स्थानीय तहको प्रचलित नियमानुसार समितिले तोकी दिए बमोजिम हुनेछ ।

**२१. वडास्तरीय बाल अधिकार समितिः**

(१) स्थानीय तहले देहाय बमोजिमका अध्यक्ष र सदस्य रहने वडास्तरीय बाल अधिकार समिति गठन गर्न सक्नेछः

(क) सम्बन्धित वडाको वडा अध्यक्ष -अध्यक्ष

(ख) वडाले तोकेको महिला सदस्य सहित २ जना वडा सदस्य, माध्यमिक विद्यालयका प्रधानाध्यापकमध्ये १ जना फोकल शिक्षकमध्ये १ जना गरी ४ जना -सदस्य

(ग) वडाको बालबालिका इकाइ, शिक्षा इकाइ र स्वास्थ्य इकाइ प्रमुख ३ जना -सदस्य

(घ) वडा स्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना -सदस्य

(ङ) वडा प्रहरी प्रमुख, नेपाल प्रहरी - सदस्य

(च) बाल अधिकार, बाल संरक्षण, बाल कल्याण, शिक्षा, स्वास्थ्य तथा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट अध्यक्षले मनोनयन गरेका कम्तीमा दुई जना महिला सहित २ जना -सदस्य

(छ) वडा सचिव -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ख), (घ) र (च) बमोजिम मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (च) बमोजिम सदस्यमा मनोनयन हुनको लागि देहाय बमोजिमको योग्यता पूरा भएको हुनु पर्नेछः

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भएको,

(ग) नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको,

(घ) सम्बन्धित वडाभित्र स्थायी बसोबास भएको।

(३) उपदफा (२) मा जेसुकै लेखेको भएता पनि वडा सदस्य, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, विभिन्न संघसंस्थाका प्रतिनिधि तथा अन्य पदेन सदस्यहरु तथा बाल सञ्जालका प्रतिनिधिहरूका हकमा उमेर, बसोबास क्षेत्र, शैक्षिक योग्यताको आधारमा सदस्य हुन अयोग्य मानिने छैन ।

**२२. वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः**

(१) वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) वडाबाट प्रस्तावित हुने बालबालिका र बाल अधिकार सम्बन्धी योजना, नीति र कार्यक्रमहरूको बाल अधिकारमा आधारित सहभागितामूलक ढंगबाट निर्माण गर्ने

(ख) वडा तहमा बाल अधिकारका सचेतना, प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने गराउने

(ग) वडालाई बालमैत्री बनाउने सिङ्गो प्रक्रियाको नेतृत्व लिने

(घ) वडा तहमा बाल अधिकारको अवस्था अनुगमन तथा अध्ययन अनुसन्धान गर्ने गराउने

(ङ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको संकलन गर्ने र रायसहित न्यायिक समितिमा पठाउने

(च) बालबालिकासंग परामर्श तथा छलफल कार्यक्रम गर्ने गराउने

(छ) वडास्तरमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार, बालबालिकाविरुद्ध हुने हिंसा, दुर्व्यवहार, शोषण अन्त्यका लागि बाल संरक्षण मापदण्ड तर्जुमा गरी कार्यान्यन गर्ने

(ज) सार्वजनिक सुनुवाइका समयमा स्थानीय तहबाट सम्पन्न भएका बाल अधिकारका कार्यहरूको प्रगति विवरण सार्वजनिक गर्ने

(झ) वडा तहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, संघसंस्था, परियोजना तथा सेवाहरूको नक्सांकन गर्ने

(ञ) बाल अधिकारको संरक्षण तथा संवधद्धनका लागि बहुपक्षीय निकायहरूसंग समन्वय तथा सहकार्य गर्ने

(ट) वडामा रहेका बालक्लब, सञ्जाल, समूहको सूची तयार गरी स्थानीय बाल अधिकार समितिमा पेश गर्ने

(ठ) वडामा सञ्चालित बालगृह, अस्थायी संरक्षण सेवा केन्द्रहरूको अनुगमन गरी स्थानीय बाल अधिकार समितिमा प्रतिवेदन पेश गर्ने

**२३. वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था:**

वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम निर्धारण गरिएको छः

(१) समितिको बैठक कम्तीमा वर्षको चार पटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(२) अध्यक्षको निर्देशनमा समितिको बैठक सदस्य-सचिवले बोलाउनेछ ।

(३) सदस्य-सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सत्त्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बैठकमा उपस्थित सदस्यहरूको बहुमतको निर्णय मान्य हुनेछ ।मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(७) समितिको बैठकको निर्णय समितिको अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(८) समितिको बैठक तथा सञ्चालन खर्च स्थानीय तहको नियमानुसार हुनेछ ।

(९) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ६
## बाल कल्याण अधिकारी

**२४. बाल कल्याण अधिकारीको नियुक्ती:**

(१) स्थानीय तहले ऐनको दफा ६१ को उपदफा (१) बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी स्थानीय तहको कर्मचारी पदपुर्ति प्रक्रिया अनुसार नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म पालिकाले महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको अन्य कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले स्थानीय बाल अधिकार समितिको सदस्य सचिवको रूपमा काम गर्नेछ ।

**२५. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार:**

बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने वा गराउने ।

(ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने एवम् कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेश गर्ने ।

(ग) स्थानीय तह भित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क संकलन, अध्यावधिक र विश्लेषण गरी प्रतिवेदन तयार गर्ने ।

(घ) स्थानीय तह का जोखिममा परेका, विशेष संरक्षणको आवश्यकता भएका, वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसूरबाट पीडित बालबालिकाको तत्काल उद्दार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, आमाबाबुलाई पारिवारिक सहयोग, पारिवारिक पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने ।

(ङ) खण्ड (घ) बमोजिमका कार्य गर्न कार्ययोजना तयार गरी नगर बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्ने ।

(च) आन्तरिक तथा अन्तरदेशीय धर्मपुत्र/धर्मपुत्रीका रूपमा जान योग्य आफ्नो भौगोलिक क्षेत्रभित्र स्थायी ठेगाना भएका बालबालिकाको विवरण स्थानीय तहबाट स्वीकृत गराई राष्ट्रिय बाल अधिकार परिषद्‌रूमा उपलब्ध गराउने ।

(छ) बालबालिका विरूद्धको कसूरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानूनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने ।

(ज) ऐनको दफा ४९ बमोजिम स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष, तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरूकूल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन बालअधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेश गर्ने ।

(झ) स्थानीय तहमा भएका बालअधिकार उल्लंघन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्दार, राहत, संरक्षण र घटना व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

(ञ) मुलुकी देवानी संहिता, २०७४ बमोजिम बालबालिकाको संरक्षक वा माथवर नियुक्तिका लागि अदालतमा निवेदन दिने ।

(ट) बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेश गर्ने ।

(ठ) वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने ।

(ड) बालबालिकाको गोपनियताको हकको उल्लंघन नहुने गरी खण्ड (ग), (झ), (ञ) र प्रचलित कानून बमोजिम प्रकाशित गर्नुपर्ने सूचना समेतको प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषदमा पेश गर्ने ।

(ढ) स्थानीय तह को योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने ।

(ण) समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

## परिच्छेद ७
## बाल मनोविज्ञ, समाजसेवी तथा सेवा प्रदायक निकाय सम्बन्धी व्यवस्था

**२६. समाजसेवी तथा बाल मनोविज्ञको सूची तथा नियुक्ती:**

(१) स्थानीय तहमा रही समाजसेवी तथा बालमनोविज्ञको रूपमा काम गर्न चाहने व्यक्तिले नगर बाल अधिकार समिति समक्ष आफ्नो नाम सूचीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम समाजसेवी तथा मनोविज्ञलाई सूचीकृत गर्नका निमित्त नगर बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ ।

(३) समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले सूचनामा तोकिए बमोजिमका कागजात तथा व्यक्तिगत विवरण सहित नगर बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गर्दा नगर बाल अधिकार समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकहरूलाई समाजसेवीका रूपमा नगर बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(६) समाजसेवीको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा अन्य सुविधा स्थानीय बाल अधिकार समितिको सिफारिसमा पालिकाले तोके बमोजिम हुनेछ ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने समाजसेवीको पारिश्रमिक पालिकाले व्यवस्था गर्नेछ ।

**२७. सेवा प्रदायक निकायको नक्साङ्कन तथा सूचीकरण:**

(१) स्थानीय तहमा रही बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा संवर्द्धनका लागि ईच्छुक सामाजिक संस्थाहरु पालिकामा अनिवार्य रूपमा सूचीकृत हुनु पर्दछ।

(२) उपदफा (१) बमोजिम सूचीकृत गर्नका निमित्त नगर बाल अधिकार समितिले निवेदकले पेश गर्नुपर्ने आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी सात दिनको सार्वजनिक सूचना जारी गर्नेछ।

(३) स्थानीय तहमा सूचीकृत हुन इच्छुक सेवा प्रदायक निकायले सूचनामा तोकिए बमोजिमका कागजात तथा संस्थागत विवरण सहित नगर बाल अधिकार समितिमा निवेदन दिनु पर्नेछ ।

(४) उप-दफा (३) बमोजिमको निवेदन तथा कागजातको जाँचबुझ गरी तोकेको योग्यता पुगेका निवेदकहरूलाई सेवा प्रदायक निकायको रूपमा नगर बाल अधिकार समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिम सूचीकृत भएका निकायलाई समितिले आवश्यक परेको बेलामा सम्झौता गरी सेवा प्रवाहको अवसर प्रदान गर्नेछ ।

## परिच्छेद ८

## बाल कोष सञ्चालन तथा व्यवस्थापन

**२८. बालकोषः**

(१) विशेष संरक्षणका आवश्यकता भएका तथा जोखिममा परेका तथा हिंसा पीडित बालबालिकाको सहयोगार्थ पालिकास्तरमा एक बाल कोष रहनेछ । बनेपा नगरपालिकाको बालकोष संचालन कार्यविधि २०७७ अनुरूप उक्त कोष संचालन तथा व्यवस्थापन हुने छ ।

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः

(क) पालिकाबाट वार्षिक रुपमा विनियोजित बजेट

(ख) संघसंस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता

(घ) स्थानीय न्यायिक समितिबाट बालबालिकाविरुद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम

(ङ) बाल अधिकारको संरक्षण तथा संवधद्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य तोकिएका आम्दानी

**२९. कोष सञ्चालक समितिः**

(१) स्थानीय तह बाल कोष सञ्चालनका लागि बनेपा नगरपालिकाको बालकोष संचालन कार्यविधि, २०७७ अनुरूप देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक बाल कोष सञ्चालक समिति रहनेछः

(क) उपप्रमुख बनेपा नगरपालिका-संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत बनेपा नगरपालिका-सदस्य

(ग) प्रमुख इलाका प्रहरी कार्यालय बनेपा-सदस्य

(घ) प्रमुख कानुन शाखा-सदस्य

(ङ) बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाको तर्फबाट समितिले मनोनित गरेको एक जना प्रतिनिधी-सदस्य

(च) स्थानीय स्तरमा उपलब्ध बाल चिकित्सक वा बाल मनोवैज्ञानिक

मध्ये समितिले मनोनित गरेको एक जना- सदस्य

(छ) नगर क्षेत्रभित्रका विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये समितिले मनोनित गरेको एकजना शिक्षक - सदस्य

(ज) बाल नगर सञ्जालको प्रमुख वा प्रतिनिधि - सदस्य

(झ) प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, बनेपा नगरपालिका - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**३०. बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः**

बाल कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार बनेपा नगरपालिकाको बालकोष संचालन कार्यविधि, २०७७ बमोजिमको हुनेछ ।

**३१. बाल कोष सञ्चालक समितिको बैठक सम्बन्धी व्यवस्थाः**

समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सवै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको दुई तिहाइ सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनर्स्थापना गर्नु पर्ने अवस्था भएमा समितिको संयोजक र सदस्य सचिवको आपसी सहमतिले आवश्यक हुने रकम निकासा खर्च गर्न सक्नेछन् । तर सो खर्च रकम समितिको बैठकबाट अनुमोदन गर्नु पर्नेछ ।

**३२. कोषको प्रयोग प्रयोजनः**

(१) बाल कोषको प्रयोग बनेपा नगरपालिकाको बालकोष संचालन कार्यविधि २०७७ बमोजिमको प्रयोजनको लागि गर्न सकिनेछ ।

**३३. बालकोषको खर्चका सीमाः**

(१) बाल कोषको रकम बनेपा नगरपालिकाको बालकोष संचालन कार्यविधि, २०७७ बमोजिम कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिने छ ।

**३४. कोषको खाता सञ्चालनः**

(१) कोषको रकम समितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैकबाट इजाजत प्राप्त पायक पर्ने क वर्गको बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको खाता बनेपा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गरिनेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभइ आर्थिक वर्षको अन्त्यसम्म बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

**३५. कोषको लेखा र लेखा परीक्षणः**

(१) कोषको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद ९
## विविध

**३६. स्रोतको व्यवस्थापनः**

स्थानीय तह तथा वडाले बाल अधिकारको संरक्षण तथा संवर्द्धन गर्न योजना निर्माण गरी सो योजनाको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन गर्नेछ ।

**३७. प्रोत्साहन पुरस्कारको व्यवस्थाः**

बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ ।

**३८. कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः**

कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार पालिकालाई हुनेछ।

**३९. संसोधन गर्न सकिनेः**

यस कार्यविधिलाई नगर कार्यापालिकाबाट आवश्यक संसोधन गर्न सक्नेछ ।

**४०. खारेजी र बचाउः**

यो कार्यविधि बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा बागमती प्रदेश सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ र नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा लेखिएको कुराहरु मान्य हुनेछ ।

**४१. सूचक बनाउन सक्ने :**

नगर कार्यपालिकाले बालमैत्री नगर निमार्णका उपलब्धि लेखाजोखा गर्न आवश्यक सूचकहरू बनाई कार्यान्वयन गर्न सक्नेछ ।

**४२. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः**

स्थानीय तहले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बाल अधिकार संरक्षण र सम्वर्द्धन प्रक्रियाहरु अवलम्बन गर्न कुनै बाधा पर्ने छैन ।

## अनुसूची-१

सञ्चालनमा रहेका बालगृह वा ऐनको दफा ५२ बमोजिम स्थापना हुने बालगृहले पूरा गर्नुपर्ने न्यूनतम मापदण्ड

**(क) भौतिक पूर्वाधार र सुविधाः**

१. बालगृह रहने भवन बाढी, पहिरो जस्ता प्राकृतिक जोखिम नहुने ठाऊँमा हुनु पर्दछ ।

२. बालगृह पर्खालसहितको सुरक्षित, सुविधाजनक, बालमैत्री एवम् अपाङ्गतामैत्री हुनु पर्दछ ।

३. बालबालिकाको शयन कक्षमा प्रत्येक बालबालिकाका लागि कम्तीमा ३० वर्ग फिट सतह पर्ने एउटा शयन कक्षमा बढीमा ८ जना बालबालिकासम्म राख्ने, खाट बढीमा दुई तल्लाको मात्र हुनेगरी मौसम अनुसारको पर्याप्त र सफा ओढ्ने ओछ्याउने उपलब्ध हुनु पर्दछ ।

४. बालक र बालिकाको सुत्ने व्यवस्था बेग्लाबेग्लै भवन, तला वा खण्डमा हुनु पर्दछ ।

५. बिरामी वा ६ वर्ष मुनिका बालबालिकालाई सुरक्षा र हेरचाहका निम्ति हेरचाहकर्तालाई नजिकै सुताउने व्यवस्था हुनु पर्दछ । तर, बालबालिकाको शयन कक्षमा बालगृहका अन्य कर्मचारी सुत्नु हुँदैन ।

६. प्रत्येक बालबालिकालाई आफ्ना निजी सरसामान, शैक्षिक सामग्री र कपडा राख्नको लागि प्रत्येक सुरक्षित स्थान उपलब्ध गराउनु पर्दछ ।

७. बालक र बालिकाका १० जना सम्मका लागि अलग्गै सफा तथा बालमैत्री र लैङ्गिकमैत्री शौचालय र स्नानघरको व्यवस्था हुनु पर्दछ ।

८. बालबालिकालाई व्यक्तिगत सरसफाइका लागि आवश्यक स्वच्छ, चिसो र तातोपानी उपलब्ध हुनु पर्दछ र फोहोरको उपयुक्त व्यवस्थापन गर्नु पर्दछ ।

९. बालगृह रहेको भवनमा अनिवार्य रूपमा भान्सा, भण्डार, भोजन, शयन, अध्ययन तथा पुस्तकालय, मनोरञ्जन, मनोविमर्श तथा प्राथमिक उपचार, कार्यालय लगायत आवश्यक कक्षहरूको व्यवस्था

हुनु पर्दछ । उक्त कक्षहरूमा आवश्यक र उपयुक्त फर्निचर, सामान, झ्यालका साथै प्रकाश र हावा पुग्ने हुनु पर्दछ ।

१०. अग्नि नियन्त्रण उपकरण (Fire Extinguisher) को व्यवस्था हुनु पर्दछ ।

११. बालगृहको साइनबोर्ड सबैले देख्ने गरी राख्नु पर्दछ ।

**(ख) बालबालिकाका लागि आधारभूत सेवासुविधाः**

१२. प्रत्येक बालबालिकालाई अनिवार्य रूपमा औपचारिक शिक्षाको प्रबन्ध गर्नु पर्दछ ।

१३. औपचारिक शिक्षामा समावेश हुन नसक्ने बालबालिकालाई अनौपचारिक शिक्षाको प्रबन्ध गर्नु पर्दछ ।

१४. बालगृहमा बिहान वा बेलुकी शिक्षण-सिकाइको व्यवस्था गर्नु पर्दछ ।

१५. बालबालिकालाई नियमित स्वास्थ्य जाँच र उपचारको व्यवस्था हुनु पर्दछ ।

१६. सबै बालबालिकाको स्वास्थ्य बिमा गराउनु पर्नेछ । स्वास्थ्य बिमामा समावेश नभएका गम्भीर प्रकृतिको स्वास्थ्य समस्या भएका बालबालिकालाई अन्य स्वास्थ्य संस्थासँग सम्झौता गरी उपचारको व्यवस्था तुरून्त गर्नु पर्दछ ।

१७. बालबालिकालाई बालगृहमा भर्ना गर्ने बित्तिकै मौसम अनुसारको अनौपचारिक पोशाक, विद्यालय जाने बालबालिकाका लागि मौसम अनुसारको कम्तीमा दुईजोर विद्यालय पोशाकको व्यवस्था गर्नु पर्दछ ।

१८. बालबालिकाका लागि मौसम अनुसारको स्वस्थ र पोषणयुक्त पर्याप्त खानाको व्यवस्था (बिहानको खाजा, खाना, अपरान्हको खाजा र बेलुकीको खाना) हुनु पर्दछ । पत्रु खाना (Junk Food) मात्र नियमित खुवाउँनु हुँदैन ।

१९. ओढ्ने, ओछ्याउने, लगाउने लुगाहरू लगायतका लत्ताकपडाहरू सफा राख्नु पर्दछ ।

**(ग) बाल संरक्षणः**

२०. संस्थाको बाल संरक्षण मापदण्ड निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ ।

२१. बालबालिकालाई जातजाति, भूगोल, धर्म, लिङ्ग, भाषा, शारीरिक, मानसिक जस्ता अवस्थाका आधारमा भेदभाव गर्नु हुँदैन ।
२२. बालगृहमा रहेका बालबालिकालाई कुनै पनि किसिमका दुर्व्यवहार, हिंसा, शोषण वा भेदभाव गर्नु हुँदैन ।
२३. बालगृहमा रहेका बालबालिकाको जन्मदर्ता प्रमाणपत्र नभएको अवस्थामा प्रचलित कानून अनुसार जन्मदर्ता प्रमाणपत्रको व्यवस्था सुनिश्चित गर्नु पर्दछ ।
२४. मनोसामाजिक विमर्शको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार परामर्शको व्यवस्था हुनु पर्नेछ ।
२५. बालबालिकाको पढाइमा अवरोध हुने र हित विपरित हुने गरी बालबालिकालाई कुनै पनि कार्य गराउन पाइनेछैन ।
२६. बालबालिकासँग सम्बन्धित हिंसा, शोषण लगायतका घटनाको सम्बोधन यथाशीघ्र गर्नुपर्दछ र कानूनी प्रक्रियाको आवश्यकता भएको अवस्थामा सोको व्यवस्था गर्नु पर्दछ ।
२७. बालबालिकाको सहज पहुँच र गोपनीयता कायम हुने गरी बालगृहमा गुनासो/सुझाव पेटिकाको व्यवस्था हुनु पर्दछ । गुनासो सुनुवाई संयन्त्रबाट प्रत्येक दिन उक्त पेटिका खोली प्राप्त गुनासो/सुझावलाई तत्काल सम्बोधन गर्नुपर्दछ । उजुरीकर्तासँग प्रतिशोध नलिइने सुनिश्चित गर्नु पर्दछ ।
२८. बालगृहमा बालबालिकासँग सम्पर्क गर्न आउने कुनै पनि व्यक्ति बालगृहका व्यवस्थापक वा कर्मचारीलाई असम्बन्धित वा शंका लागेमा निजको आवतजावत तथा बालबालिका सँगको सम्पर्कलाई निषेध गर्नु पर्दछ ।
२९. बालगृहमा आवासीय कर्मचारीबाहेक कुनै पनि बाह्य व्यक्तिहरू तथा स्वदेशी वा विदेशी स्वयम्सेवकलाई बास बस्न दिन पाइनेछैन ।
३०. बालगृहमा कुनै दुर्घटना भएमा वा बालबालिकालाई आपतकालीन अवस्था भएमा अपाङ्गता भएका बालबालिकाले पनि तत्काल सूचना दिन सक्ने व्यवस्था मिलाउनु पर्दछ ।
३१. सुरक्षा जोखिम भएका बालबालिकालाई बालगृहभित्र वा बाहिर कुनै पनि जोखिमबाट पूर्ण सुरक्षित हुने बन्दोबस्त मिलाउनु पर्दछ ।

३२. बालबालिकाको पारिवारिक धर्म र संस्कार अनुसारको क्रियाकलाप गर्ने व्यवस्था हुनु पर्दछ । तर बालबालिकालाई कुनै आस्था वा धर्म ग्रहण गर्न बाध्य बनाउने वा लोभ्याउने वा उक्साउने गर्नु, गराउनु हुँदैन ।

३३. बालगृह र बालबालिकाको सहमतिबिना कसैलाई पनि फोटो वा भिडियो खिच्न दिनु हुँदैन ।

३४. बालबालिकालाई बालगृहमा कसैले पनि हेपाइ/बुलिङ गर्न पाइने छैन ।

३५. ३ वर्षसम्मका प्रत्येक ५ जना बालबालिकाका लागि कम्तीमा १ जना, ४ देखि १० वर्षसम्मका १० जनाका लागि कम्तीमा १ जना हेरचाहकर्ता (कम्तीमा एकजना महिला) हुनु पर्दछ ।

३६. बालिकामात्रका लागि सञ्चालित बालगृहमा आवासीय कर्मचारी महिला हुनु पर्दछ ।

**(घ) मनोरञ्जन, खेलकुद, विकास, सिर्जनात्मक तथा अतिरिक्त क्रियाकलापः**

३७. बालगृहभित्र बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक विकासका लागि उमेर, रूची, क्षमता अनुसारको मनोरञ्जन, खेलकुद, श्रव्यदृष्य सामग्री लगायत बालगृहबाहिर समेत उपयुक्त खेलकुदको व्यवस्था हुनु पर्दछ ।

३८. बालबालिकाको रूची अनुसार चित्रकला, मुर्तिकला, गीत, संगीत, साहित्य लगायतका सिर्जनात्मक कार्यहरू गर्ने व्यवस्था गर्नु पर्दछ ।

३९. बालगृहका १६ वर्ष वा सोभन्दा माथिका बालबालिकालाई जीवनोपयोगी तथा उनीहरूको रूची र क्षमता अनुसारको तालिमको व्यवस्था गर्नु पर्दछ ।

४०. बालबालिकालाई वर्षमा कम्तीमा एक पटक बनभोज वा शैक्षिक भ्रमणको व्यवस्था गर्नु पर्दछ ।

४१. बालगृहमा बालक्लबको व्यवस्था हुनु पर्दछ ।

**(ङ) सूचना व्यवस्थापनः**

४२. बालबालिकाको फोटोसहित वैयक्तिक विवरण, जन्मदर्ता प्रमाणपत्र, बालबालिकासँग सम्बन्धित शिक्षा, स्वास्थ्य, घटना व्यवस्थापन जस्ता सूचना अनिवार्य पूर्ण रूपमा अध्यावधिक राख्नु पर्दछ ।

४३. प्रचलित कानून बमोजिम बालबालिकाका संवेदनशील सूचना गोप्य राख्नु पर्नेछ ।

४४. बालगृहभित्र बालबालिका, बालगृहका पदाधिकारी र कर्मचारी, बाह्य आगन्तुक वा जो कोहीले पालना गर्नुपर्ने आचारसंहिता देखिने गरी राख्नु पर्दछ ।

४५. बालगृहको परिसरमा बालगृहका पदाधिकारी, कर्मचारी, आगन्तुक, बालबालिकालगायत कसैबाट पनि लागूपदार्थ, चुरोटसुर्ती र मदिराको सेवन वा प्रयोग नहुने सुनिश्चित गर्नुपर्दछ ।

४६. बालगृहको प्रशासनिक र आर्थिक लगायतका सूचना वा फाइल अध्यावधिक गर्नुपर्दछ ।

**(च) अन्य व्यवस्था:**

४७. बालगृहमा दैनिक तथा साप्ताहिक कार्यतालिका र भोजन तालिका बनाई कार्यान्वयन गर्नु पर्दछ ।

४८. बालबालिकालाई समयसमयमा आफन्तसँग सम्पर्क तथा भेटघाट गर्ने व्यवस्था गर्नु पर्दछ ।

४९. बालगृहमा कार्य गर्ने सबै कर्मचारीलाई बालगृहको नीति तथा मापदण्ड, बाल अधिकार र बालमैत्री व्यवहारबारे अनुशिक्षण वा तालिम दिएको हुनुपर्नेछ ।

५०. बालगृहमा कम्तीमा ३० जना बालबालिकालागि देहायको संख्यामा कर्मचारी हुनुपर्छः

१. भान्से तथा हेरचाहकर्ता (महिला) २ जना पूर्णकालीन
२. शिक्षण, सिकाइ सहजकर्ता १ जना पूर्णकालीन/आंशिक
३. व्यवस्थापक/प्रशासक १ जना पूर्णकालीन
४. मनोविमर्शकर्ता १ जना पूर्णकालीन/आंशिक
५. स्वास्थ्यकर्मी १ जना पूर्णकालीन/आंशिक
६. खेल/मनोरञ्जन सहयोगी १ जना आंशिक
७. सामाजिक कार्यकर्ता १ जना पूर्णकालीन/आंशिक

५१. बालगृहमा रहने कर्मचारी र स्वयम्सेवकको नियुक्ति र सेवासुविधा सम्बन्धी स्पष्ट व्यवस्था हुनुपर्ने ।

## अनुसूची-२
## बालक्लब दर्ता प्रमाण-पत्र लिन दिइने निवेदनको ढाँचा

मितिः.........................................

श्री ..........................................................

..........................................................

**विषयः– बालक्बल वा संस्था वा सञ्जाल दर्ता सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. ............ टोल ........................................................ स्थित बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गरी बाल अधिकारको प्रवर्द्धन सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न हामी .................... जना सम्मिलित हुनेगरी ........................................................ नामक बालक्लब वा संस्था/बालसञ्जाल दर्ता गर्न इच्छुक भई देहाय बमोजिमको कागजात संलग्न गरी बालबालिका सम्बन्धी नियमावली २०७८ को उपनियम ४ बमोजिम उल्लेखित बाल क्लब वा संस्था र बाल सञ्जाल दर्ता गरिदिनु हुन अनुरोध छ ।

**संलग्न गरिएका कागजातहरु**

१. बालक्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण
२. बालक्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
३. बालक्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण,
४. बालक्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण।

दस्तखतः

नामः

पदः

सम्पर्क नं.ः

## अनुसूची-३
## संस्था/बाल क्लव/सञ्जाल सूचीकृत प्रमाणपत्रको नमुना

### बनेपा नगरपालिका
काभ्रेपलाञ्चोक जिल्ला
बागमती प्रदेश
नेपाल

### सूचीकृत/आवद्धता प्रमाणपत्र

आवद्धता नं.-                                        मितिः-

श्री.................................................संस्था/बाल क्लव/सञ्जाल
ठेगाना ............................................ ।

काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं. ................................ को ............................................................................. विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा गठित ............................................................................संस्था/बाल क्लव/सञ्जाललाई यस बनेपा नगरपालिकामा आवद्धता गरी "बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि २०८०" को परिच्छेद ......... दफा ......... ले व्यवस्था गरेअनुसार आवद्धताको प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्वर्द्धन कार्यमा नेपालको संविधान २०७२, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९ तथा बालबालिका सम्बन्धी ऐन २०७५, लगायत बालबालिका सम्बन्धी विद्यमान कानूनहरूको अधीनमा रही यस बनेपा नगरपालिकाको बालमैत्री अभियानमा यहाँहरूको सक्रिय सहभागिताको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने
नाम :
पद :
दस्तखतः

## अनुसूची ४
## संस्था/बाल क्लव/सञ्जाल आवद्धताको लागि निवेदनको ढाँचा

मितिः ............................................

श्री प्रमुख ज्यू,
बनेपा नगरपालिका
कार्यपालिकाको कार्यालय
.......................................
......................................।

**विषयः– संस्था/बाल क्लब/सञ्जाल सूचीकृत/आबद्धता गरी पाऊँ भन्ने बारे ।**

महोदय,

हामीले ......................................... नामको संस्था/बाल क्लव/सञ्जाल खोल्न चाहेकोले बनेपा नगर कार्यापालिकाबाट स्वीकृत " बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि २०८० को परिच्छेद ...दफा...ले गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब/सञ्जाल सूचीकृत/आवद्धता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

प्रस्तावित संस्था/बाल क्लब/सञ्जालको विधानको एक प्रति, सिफारिस, संस्था/बाल क्लब/सञ्जाल आवद्धता अभिलेख फारम र यथाशक्य समूहका पदाधिकारीहरूको जन्म दर्ता प्रमाणपत्रको फोटोकपी यसैसाथ संलग्न गरिएको छ ।

भवदीय,
अध्यक्ष

**बालक्लब आवद्धताका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

१) अनुसूची २ अनुसारको निवेदन ।

२) संस्था/बाल क्लब/सञ्जालको विधान २ प्रति (संस्था/बाल क्लब/सञ्जालको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण, संस्था/बाल क्लब/सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरूको विवरण सहित)

३) बालक्लबको निर्णय

४) विद्यालयको हकमा विद्यालयको सिफारिस

५) वडाको सिफारिस

६) बालक्लवको कार्यसमितिका बालबालिकाको नामथर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि

## अनुसूची-५
## संस्था/बाल क्लब/सञ्जाल नवीकरणको लागि निवेदनको ढाँचा

**निवेदन पत्रको ढाँचा**

मितिः ......................................

श्री प्रमुखज्यू,
बनेपा नगरपालिका
बनेपा, काभ्रेपलाञ्चोक ।

**विषयः- संस्था/बाल क्लब/सञ्जाल नवीकरण गरी पाऊँ भन्ने बारे ।**

महोदय,

काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं....... स्थित ..........................................विद्यालय/समुदाय/बालगृह/बाल सुधार गृहमा आधारित हाम्रो ...................................................................... नामको संस्था/बालक्लव/सञ्जाल बनेपा नगर कार्यापालिकाबाट स्वीकृत " बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि २०८०" को परिच्छेद ........... दफा .......... ले गरेको व्यवस्था" बमोजिम मिति...................................... मा दर्ता/सूचीकृत भै क्रियाशील रहदै आएको छ । हाम्रो आवद्धता/दर्ता/सूचीकृत नं......रहेको छ । यस सिलसिलामा बाल अधिकार संरक्षण तथा संवर्द्धन कार्यविधि २०८० को परिच्छेद .....दफा..... ले गरेको व्यवस्था बमोजिम संस्था/बाल क्लब/सञ्जाल नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

हाम्रो संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरूको संक्षिप्त विवरण, संस्था/बाल क्लब/सञ्जालमा रहेका सदस्यहरू तथा कार्यसमितिमा रहेका पदहरूको विवरण यसैसाथ संलग्न गरिएको छ ।

भवदीय,
अध्यक्ष

**संस्था/बाल क्लव/सञ्जाल नवीकरणका लागि संलग्न गर्नुपर्ने कागजातहरुः**

१) अनुसूची ................ अनुसारको निवेदन
२) संस्था/बाल क्लब/सञ्जालले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरू
३) संस्था/बाल क्लब/सञ्जालको निर्णय
४) विद्यालयको हकमा विद्यालयको सिफारिस
५) वडाको सिफारिस
६) संस्था/बाल क्लब/सञ्जाल दर्ताको प्रतिलिपि

## अनुसूची-६

बनेपा नगरपालिका
काभ्रेपलाञ्चोक जिल्ला
बागमती प्रदेश

### संस्था/बाल क्लब/सञ्जाल सूचीकरणको दर्ता किताब

| क्र. सं. | संस्था/बाल क्लव/ सञ्जालको नाम | ठेगाना | संस्था/बाल क्लव/सञ्जालमा सदस्य सङख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | प्रमाणपत्र वुभ्रुनेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसूची-७

बनेपा नगरपालिका

काभ्रेपलाञ्चोक जिल्ला

बागमती प्रदेश

### संस्था/बाल क्लब/सञ्जाल सूचीकरण नवीकरणको दर्ता किताब

| क्र. सं. | संस्था/बाल क्लब/सञ्जालको नाम | ठगाना | संस्था/बाल क्लब/सञ्जालमा सदस्य सङख्या | | संरक्षकको नाम | स्थापना मिति | सूचीकृत नं. र मिति | सम्पर्क नं. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## अनुसुची-८
## नगर बाल अधिकार समिति तथा न्यायिक समितिमा
## उजुरी दिने निवेदनको ढाचा

बनेपा नगरपालिका मितिः ..........................
स्थानीय बाल अधिकार समिति

**विषयः** ................................

१. विद्यार्थीको नाम थर ......................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)
२. कक्षा.............. (आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा हुने)
३. विद्यालयको नाम ..............................
४. उमेर ..............
५. लिङ्ग ..........
६. गुनासो तथा घटना ..............................
७. घटना घटाउने व्यक्ति ..............................
८. घटनाको प्रकृति ..............................
९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो ..................
१०. घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्दछन?

..............................
निवेदकको दस्तखत
(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)

आज्ञाले,
भोला प्रसाद चापागाई
प्रमुख प्रशासकीय अधिकृत